# सुदुरपश्चिम प्रदेशका महिला तथा बालिकाहरुको सशक्तिकरणका लागि कार्यक्रम तर्जुमा गर्न गरिएको एक अध्ययन




## जानकी महिला जागरण समाज

पौष २०८० (डिसेम्बर, २०२३)

**स्वीकारोक्ति** (Disclaimer)

यो प्रतिवेदन जानकी महिला जागरण समाज (JWAS) ले DKA Austria र Kfb Austria को आर्थिक सहयोगमा संचालन गरिएको अनुसन्धान परियोजनाको नतिजा हो । तर यस प्रतिवेदन भित्र प्रस्तुत विचार, भनाईहरु र जानकारीहरु DKA Austria र Kfb Austria द्वारा तयार गरिएका होइनन् । DKA Austria र Kfb Austria यस प्रतिवेदनमा प्रस्तुत त्यस्ता विचार, कथन र जानकारीको सम्बन्धमा कुनै जिम्मेवार रहने छैनन ।

**प्रमुख अनुसन्धानकर्ता**

नुवराज भण्डारी

**Funders**

Dreikönigsaktion
Hilfswerk der Katholischen Jungschar

kfb
Katholische Frauenbewegung Österreichs

प्रतिलिपि अधिकार
© JWAS, 2023

**आवरण पृष्ठ छवि**

महिला, वालिका र अपाङ्गता भएका व्यक्तिहरू विकासको मूलधारमा पछाडी परेको देखाउने एउटा दृष्टान्त चित्र, © नमस्ते नेपाल प्रेस प्रा. लि., काठमाडौं । आवरण पृष्ठमा प्रयोग गरिएका चित्रात्मक छविहरू विभिन्न वेबसाइटहरूबाट संकलन गरिएको हुनाले यी छविहरूको © प्रतिलिपि अधिकार सिर्जनाकर्ताहरूसँगै रहनेछ ।

# आभार

जानकी महिला जागरण समाज (JWAS) को तर्फबाट, म यो अनुसन्धान परियोजना पूरा गर्न आर्थिक सहयोग प्रदान गरेकोमा DKA Austria र Kfb Austria लाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस अध्ययनमा सहभागी भई आफ्नो अमूल्य समय, सुचना, अनुभव र विचारहरू प्रदान गर्नुहुने सबै उत्तरदाताहरू (मुख्य सूचनादाताहरू, घरधुरी सर्वेक्षणका उत्तरदाताहरू र समूह छलफलका सहभागीहरु) लाई पनि धन्यवाद दिन चाहन्छु। यस अनुसन्धानमा संलग्न रहनुभएका सहभागीहरुको अन्तर्दृष्टि र महत्वपूर्ण प्रतिक्रियाहरू बिना, यो अनुसन्धान सम्पन्न गर्न सम्भव थिएन । त्यसैगरी अनुसन्धान कार्यमा आवश्यक समन्वय गरी जानकारी तथा सूचनाहरु उपलब्ध गराउनु भएकोमा सामाजिक सेवा अध्ययन केन्द्र (Social Work Institute, SWI) र यसका केन्द्रीय कार्यालयका पदाधिकारी तथा धनगढीस्थित पदाधिकारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस अनुसन्धानका प्रमुख अनुसन्धानकर्ता नुवराज भण्डारी, अन्य अनुसन्धानकर्ताहरु दुर्गा कट्टेल र खगेन्द्र दाहाल तथा फिल्डमा रहेका अनुसन्धानकर्ताहरु अनिता कुमारी ढुंगाना र सुनिता चौधरी लगायतका अनुसन्धानकर्ताहरूको योगदान प्रशंसनीय रहेको छ । यसै गरी प्रतिवेदनलाई यस स्वरुपमा (अन्तिम रुपमा) ल्याउन मद्दत गर्ने JWAS का वरिष्ठ सल्लाहकार केदार प्र. भट्टराई र अनुसन्धान परियोजनाको प्रगतिको अनुगमन र सुपरिवेक्षण गर्नुभएका संस्थाका कार्यकारी निर्देशक राजनकुमार नेपाललाई संस्थाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । अनुसन्धान गर्ने क्रममा अनुसन्धानका विभिन्न विषयहरुमा आ-आफ्नो ठाउँबाट योगदान पु-याउनु हुने संजय प्रसाद पौडेल, विनय कुमार झा र बृजमोहन दास लगायत यस कार्यमा सहयोग गर्नुहुने सबैलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं ।

मन्दा कुमारी कर्ण
अध्यक्ष, JWAS

## तल उल्लेखित शब्दावलीहरूको अर्थ यस प्रकार हुनेछ :

| | |
|---|---|
| नगरपालिका/पालिका : | नेपालका स्थानीय निकाय, जसलाई प्रायः स्थानीय सरकार भनिन्छ। नेपालमा महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका गरी ७५३ स्थानीय तहहरु रहेका छन्। |
| वडाः | वडा स्थानीय सरकारको सबैभन्दा सानो इकाई हो। धेरै वडाहरू मिलेर एक स्थानीय निकाय वा स्थानीय सरकार गठन भएको हुन्छ। |
| उत्तरदाताहरूः | अनुसन्धानमा भाग लिने सबै मानिसहरू |
| मुख्य सूचनादाताहरूः | अन्तर्वार्ता लिईएका मानिसहरु |
| मेयरः | नगरपालिकाको प्रमुख निर्वाचित जनप्रतिनिधि |
| अध्यक्षः | गाउँपालिकाको प्रमुख निर्वाचित जनप्रतिनिधि |
| उपमेयरः | नगरपालिकाको उप-प्रमुख (निर्वाचित जनप्रतिनिधि) |
| उपाध्यक्षः | गाउँपालिकाको उपाध्यक्ष (निर्वाचित जनप्रतिनिधि) |
| प्रमुख कार्यकारीः | नगरपालिकामा मेयर र गाउँ पालिकामा अध्यक्ष |
| उप-कार्यकारीः | नगरपालिकामा उप-प्रमुख र गाउँ पालिकामा उपाध्यक्ष |

# विषय - सुची


**परिचय** **6**

**नेपालमा महिला र वालिकाको अवस्था** *7*

**सीमान्तकृत समुदायहरूलाई सशक्तिकरण गर्नमा *NGO* हरूको भूमिका** *8*

**देश विकासमा गैर-सरकारी संस्थाहरूको भूमिका** *9*

**अनुसन्धान कथन** *(Research Statement)* *10*

**सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय** *10*

**लक्ष्य र उद्देश्यहरु** *12*

**अनुसन्धान विधी** **12**

**उत्तरदाताहरुको प्रोफाइल** **16**

**अध्ययन प्रतिवेदनका प्रमुख निष्कर्षहरु** **19**

**महिला तथा वालिकाहरु विरुद्ध हुने भेदभाव** *19*

**सामाजिक मूल्य र मान्यताहरू** *20*

**समसामयिक सवालहरू** *22*

**सेवाहरूमा पहुँच र सचेतनाको न्यून स्तर** *22*

**सिप तथा क्षमता अभिवृद्धिको आवश्यक्ता** *24*

**गैर-सरकारी संस्थाहरू** *26*

**निष्कर्ष** **27**

**सिफारिसहरू** **28**

**संदर्भ सामग्रीहरु** **33**

# परिचय

महिला र वालिकाहरुको सशक्तिकरणकालागि गैर-सरकारी संस्था (NGO) हरुले गरेको योगदानले विश्वव्यापी रूपमा उच्च मान्यता प्राप्त गरेको छ। नेपालको सन्दर्भमा, नेपाल सरकारले राज्य निर्माणको सर्न्दभमा गैर-सरकारी संस्थाहरुको योगदानको कदर गरेको छ। धारा ५१- राज्यका नीतिहरू, यसै अन्तर्गतको उपधारा ञ (१४) - नेपालको संविधान (२०१५) को सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिहरूले राष्ट्रिय आवश्यक्ता र प्राथमिकताहरू पूरा गर्न गैरसरकारी संस्थाहरूको संलग्न गर्ने कुरामा जोड दिएको छ (GoN, 2015)। संघीय नेपालमा एक नागरिक समाजले गरेको अध्ययनले एक्लो रहेका र वन्चितिकरणमा परेका समुदाय र व्यक्तिहरूलाई सेवा प्रवाह गर्न गैर-सरकारी संस्थाहरूको भूमिकालाई उल्लेख गरेको छ (Talcott et al., 2019)। तसर्थ, सुदूरपश्चिम प्रदेशमा[1] महिला, वालिका र अपाङ्गता भएका व्यक्तिहरू (PwD) को आवश्यकता र प्राथमिकताहरूलाई सम्बोधन गर्न योगदान पुऱ्याउने कार्यक्रम ढाँचाहरु निर्माणका लागि आवश्यक सुचना प्राप्त गर्न यो अध्ययन जानकी महिला जागरण समाज (JWAS), एक NGO, ले सञ्चालन गरेको हो।

महिलाले नेतृत्व गरेको संस्थाको रूपमा जानकी महिला जागरण समाजले नेपालको मध्य र पूर्वी तराईमा[2] महिला तथा वालिका सशक्तिकरणका सफल परियोजनाहरू कार्यान्वयनमा तीन दशकको अनुभवको सफल रेकर्ड बनाएको छ। यस संस्थाले कोशी प्रदेश, मधेस प्रदेश र बागमती प्रदेशका, विशेष गरी गरिब र सीमान्तकृत समुदायका महिला र वालिकाहरूसँग संबन्धित रहेका र पुरा नभएका समस्या र आवश्यक्ताबारे मुख्य ज्ञान र अनुभव प्राप्त गरेको छ। JWAS ले अब नेपालको सुदूरपश्चिम प्रदेशमा महिला र वालिकाहरूलाई कसरी सशक्तिकरण गर्न सकिन्छ ? भन्ने सन्दर्भमा सशक्तिकरणका कार्यक्रम ढाँचाहरु बनाउँन उपयोगी हुनसक्ने क्षेत्रहरू पत्ता लगाउनकालागि यो अध्ययन कार्य गरेको हो।

यस अध्ययनले सर्वप्रथम नेपालमा महिला र वालिकाको अवस्था र महिला तथा वालिका सशक्तिकरणका साथै राष्ट्रको विकासमा गैर-सरकारी संस्थाहरूको योगदानको चर्चा गर्दछ। त्यसपछि यसले सुदूरपश्चिम प्रान्तका समुदायका विशेषगरी महिला, वालिका र PwD का आवश्यक्ताहरूबारे गहिरो बुझाइ प्रस्तुत गर्दछ। अन्तमा,

[1] नेपालको संविधान (२०१५) मा एक केन्द्रीय वा संघीय सरकार, ७ प्रादेशिक सरकार र ७५३ स्थानीय सरकार गरी तीन प्रकारका सरकार रहने व्यवस्था छ। सुदूरपश्चिम प्रदेश - वा - सुदूरपश्चिम प्रदेश - सात प्रदेश मध्ये एक हो।

[2] तराई नेपालको दक्षिणी भागमा पूर्व देखि पश्चिमसम्म फैलिएको समतल भूमि हो।

अध्ययनले महिला, वालिकाहरू र PwD सँग सम्बन्धित समस्याहरूलाई सबैभन्दा प्रभावकारी तरिकाले समाधान गर्न सक्ने कार्यक्रमका क्षेत्रहरूको खोजी गर्दछ ।

## नेपालमा महिला र वालिकाको अवस्था

तुलनात्मक रुपमा अध्ययन गर्ने हो भने जमिन, आर्थिक लेनदेन, कृषि उत्पादन, शिक्षा र आर्थिक अवसरहरू जस्ता स्रोतहरूमा महिला र वालिकाहरूको पहुँच पुरुषभन्दा न्यून रहेको छ (Acharya, n.d.; Neupane, 2022; Bhattrai, 2017)। त्यसैगरी आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न, निर्णय प्रक्रियामा सहभागी हुन, नेतृत्व संरचनामा योगदान दिन महिला र वालिकाहरू धेरै पछाडि छन् र सामाजिक, सांस्कृतिक, यौनिक, शारीरिक, मानसिक, राजनैतिक र आर्थिक रूपमा पीडित छन (Neupane, 2022)। यस्ता पक्षहरू मानिसहरूको पितृसत्तात्मक मानसिकता (नेपालमा पुरुष सर्वोच्चताको सामाजिक अभ्यास, जसले पुरुषलाई पारिवारिक नाम, विरासत र सम्पदाको वाहकको रूपमा विशेषाधिकार प्राप्त स्थानमा राख्दछ) सँग (Dahal et al., 2021; Dahal et al., 2022)।

महिला र वालिकाहरू सामाजिक, सांस्कृतिक, विकास र आर्थिक संरचनाको प्रभावको असरले बढी जोखिममा रहेका छन (Asian Development Bank [ADB], 2016; Bhandari, 2021)। त्यसैगरी Acharya (n.d.) का अनुसार स्वास्थ्य, शिक्षा, मानवअधिकार र आयआर्जन लगायतका अवसरहरु प्राप्त गर्नमा नेपाली महिलाको पहुँच निकै कमजोर रहेको छ । महिला र वालिकाहरूले लामो समयदेखि गरिबी, सामाजिक बहिष्करण र सीमान्तीकरणको उच्च स्तरको अनुभव गरेका छन (ADB, 2016)। महिलाहरूको आत्मविश्वासमा कमी हुनुको साथै निर्णय र नीति निर्माण तहमा कम पहुँच छ - Acharya, n.d.); र Dhungana (2014) का अनुसार पुरुषहरुको नै इतिहास लेखन कार्यमा बाहूल्यता भएकोले समाजमा महिलाहरुको योगदान र संघर्षलाई राम्ररी अभिलेखीकरण गरिएको छैन । यसैगरी वालिका र भर्खरका महिलाहरूले आफ्नो दैनिक जीवनमा अन्धविश्वास र सामाजिक परम्पराका कारण कम उमेरमा विवाहको नराम्रो असरदेखि कार्यस्थलमा कम अवसरहरू सम्मका धेरै चुनौतीहरू सामना गर्छन भनी Bhattrai (2017) ले उल्लेख गरेका छन । यस्ता प्रकृतिका विभिन्न प्रमाणहरूले नेपालमा महिला र वालिकाहरूका आवाज दबिएका छन्, सिमान्तकृत अवस्थामा छन् र अधिकार र सेवाहरूमा अत्यन्त न्युन मात्र पहुँच छ भन्ने देखाउछ ।

## सीमान्तकृत समुदायहरूलाई सशक्तिकरण गर्नमा NGO हरूको भूमिका

गैर-सरकारी संस्थाहरूले विशेषतः सीमान्तकृत, आवाजविहीन (voiceless), स्रोत र सेवाहरूमा कम पहुँच भएका समुदायलाई विकासका एजेन्डा र नीति निर्माताहरूसँग जोड्ने माध्यमको रूपमा पहिचान बनाएका छन । सन 2022 मा NGO दिवस, फेब्रुअरी २७ मा, युरोपेली संघ (EU) का उपाध्यक्षले सबै गैर-सरकारी संस्थाहरूलाई बढि जोखिममा रहेका व्यक्तिहरुलाई सहयोग गर्न र उनीहरुको आवाज सम्बन्धित निकायहरुमा सुनाउनकालागि गरेको प्रयास, साथै शान्तिपूर्ण, न्यायपूर्ण र समावेशी समाजहरू निर्माणमा सहयोग गरे बापत प्रशंसा गर्नुभयो (Borrel, 2022)। प्रेरणा दिने खालको र प्रभावकारी नेतृत्वले महिलाहरूलाई आत्मविश्वास वृद्धि गर्न मद्दत गर्दछ, र उहाँहरूले आफ्नो लक्ष्य हासिल गर्ने उद्देश्य तय गर्दछन, त्यसैले त्यो नै गैर-सरकारी संस्थाहरूको मूख्य भुमिका हो भनि Gupta (2021) ले भनेका छन् ।

अहिले मात्र होइन, विगतमा पनि समाज विकासमा गैर-सरकारी संस्थाहरुको भूमिका महत्वपूर्ण र प्रशंसनिय रहेको थियो । World Bank [WB] (1995) का अनुसार समुदायमा आधारित संस्थाहरू (CBOs) लगायत गैर-सरकारी संस्थाहरूले कसरी शुरुका परियोजना कार्यान्वयन गर्न समुदायहरूसँग मिलेर उनीहरूको आवश्यक्ता र प्राथमिकताहरूलाई परिवर्तन गर्न संलग्न हुन्छन भनेर बताएको छ । गैर-सरकारी संस्थाहरूले स्थानीय अवस्थाहरूको बारेमा जानकारी प्रदान गर्दछन, वातावरणीय र सामाजिक मूल्याङ्कनमा भाग लिन्छन, सम्बन्धित पक्षहरूसँग परामर्श गर्दछन, र परियोजनाका अवधारणाहरु वा मोडेल निर्माण गर्न स्रोत वा प्रायोजकको रूपमा कार्य गर्दछन भनी यहाँ थप प्रष्ट पारिएको छ (WB, 1995)। गैर-सरकारी संस्थाहरूले सरकारी नीति, तालिम र सञ्जालको बारेमा उचित जानकारी प्रदान गरी महिला सशक्तिकरणमा मद्दत गर्न सक्छन् (Gupta, 2021)। Bhandari (2021) नेपालमा एक दशक लामो (१९९६-२००६) जन आन्दोलन पछि गरिब र सीमान्तकृत जनताको सुरक्षा र न्यायमा पहुँच बढाउन गैर-सरकारी संस्थाहरूले गरेको महत्वपूर्ण योगदानका उदाहरणहरू प्रस्तुत गरेको छ । Karki (2061 B.S.[3]) का अनुसार गैर-सरकारी संस्थाहरूको स्थापना तथा सञ्चालन सीमान्तकृत समुदायकोलागि सार्वजनिक हितमा आधारित छ र सधैं जनताप्रति उत्तरदायी हुन्छ । गैरसरकारी संस्थाहरूको भूमिका सरकारद्वारा उपलब्ध गराइने सेवाहरू प्राप्त गर्नको लागि संगठित, सशक्तिकरण र वकालत गर्नु हो र

[3] B.S. भनेको नेपाली क्यालेन्डर अनुसार विक्रम संवत हो जुन अन्नो डोमिनी (इ.स.) भन्दा ५७ वर्ष अगाडि छ ।

उनीहरूले मानिसहरूलाई उनीहरूको अधिकारको बारेमा सचेत गराउन सक्छन (Dahal, 2061 B.S.)।

## देश विकासमा गैर-सरकारी संस्थाहरूको भूमिका

मानव अधिकार संरक्षण, मानवीय सहयोग र प्रजातन्त्र प्रवर्द्धन लगायत राष्ट्रको विकासमा नागरिक समाज संस्था (CSOs[4]) को भूमिका र योगदानलाई विश्वव्यापी रुपमा मान्यता दिइएको छ (WB, 2007; Borrel, 2022; Dahal, 2061 B.S)। गैर-सरकारी संस्था सरकारी नियन्त्रणबाट स्वतन्त्र छन, सरकारहरूलाई राजनीतिक दलको रूपमा चुनौती दिन खोज्दैनन, र मानव अधिकार, गैर-अपराधिक र गैर-नाफामूलक संस्थाहरूको रुपमा संकुचित तवरले सरकारको ध्यान केन्द्रित गर्दैनन् (Willetts, n.d)।

केही समय पहिलेका प्रमाणहरूले स्पष्ट पार्दछन कि विश्वको केही भागमा, गैर-सरकारी संस्थाहरुले ठूलो संख्यामा नागरिकहरूलाई सार्वजनिक सेवाहरू प्रदान गर्ने कार्यमा संलग्न रहेका थिए । Pollard and Court (2005) का अनुसार, श्रीलंकामा सर्वोदय नामक गैर-सरकारी संस्थाले ७,००० गाउँहरूमा सेवा प्रवाह गर्दथ्यो। Edwards (2004) लाई सन्दर्भ गर्दै Pollard and Court (2005) उल्लेख गरिएको छ कि घाना, जिम्बाब्वे र केन्याका गैर-सरकारी संस्थाहरुले सबै स्वास्थ्य सेवा र शिक्षाको ४० प्रतिशत सेवा प्रदान गर्दथे। Sholte (2002) को अनुसार, CSOs को गतिविधिहरुले सार्वजनिक कार्यालय र मौद्रिक लाभकोलागी खोजी गर्दैनन (P. 283) । १९९० मा गैर-सरकारी संस्थाहरु सामाजिक नवीकरणकोलागि राष्ट्रपतिदेखि राजनीतिक व्यक्तिहरुसम्मका मानिसहरूकालागि एक सुत्र बन्यो (Carothers & Barndt, 1999, p.19)। संयुक्त राज्य र पश्चिमी युरोपमा राजनीतिक दलको प्रणालीले ल्याएको जनताको थकानका कारणले, Carothers & Barndt (1999, p.19) का अनुसार, गैर-सरकारी संस्थाहरुप्रति मानिसहरुमा थप चासो जाग्यो।

World Bank (2007) मा विश्वव्यापी स्तरमा नीति र नीति निर्माताहरूलाई प्रभाव पार्न गैर-सरकारी संस्थाहरुको महत्वपूर्ण भूमिकाको बारेमा उल्लेख गरिएको पाईन्छ । Carothers & Barndt (1999) का अनुसार राज्य, गैर-सरकारी संस्थाहरूले सरकारहरूलाई दबाब दिएर र नीति निर्माताहरूलाई प्राविधिक विशेषज्ञता प्रदान गरेर देशको नीति बनाउँन सहयोग गर्दछन र त्यसैले विकसित र विकासशील देशहरूमा

[4] यस प्रतिवेदनले CSOs र NGOs लाई समान रूपमा एकै अर्थमा प्रयोग गरेको छ।

महत्वपूर्ण र नियमित भूमिका खेलिरहेका छन (P. 20)। संघिय नेपालमा गैर-सरकारी संस्थाहरूले सिमान्तकृत र बहिष्करणमा परेका समुदाय तथा व्यक्तिहरूलाई सेवा प्राप्त गर्नमा सहयोग गरिरहेका छन् र तिनीहरूले सामाजिक उत्तरदायित्वको दायरालाई बढावा दिनुका साथै प्राविधिक सीप र विशेषज्ञता पनि प्रदान गर्ने गरेका छन् (Talcott et al., 2019)।

## अनुसन्धान कथन (Research Statement)

यस अध्ययनमा माथि उल्लेख गरिएका विषयहरुले संकेत गर्दछन की नेपालमा महिला र वालिकाहरूको स्थिति कमजोर अवस्थामा रहेको छ। अझ विशेष गरी नेपाल र भारतको सीमानामा पर्ने मधेस प्रदेश अन्तर्गतका जिल्लाहरुमा तुलनात्मक रुपमा अध्ययन गर्दा झनै कमजोर स्थीति रहेको पाउन सकिन्छ । नेपालको मध्य र पूर्वी दक्षिणी भागमा जानकी महिला जागरण समाजको विगतको सिकाइसँगै, यसले महिला, वालिकाहरू, अपाङ्गता भएका व्यक्ति र समाजका अन्य सीमान्तकृत वर्गहरूलाई सशक्तिकरण गर्न गैर-सरकारी संस्थाहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुनेछ भन्ने ज्ञान प्राप्त गरेको छ। यस अध्ययन मार्फत यस संस्थाले अब नेपालको पश्चिमी भाग, सुदूरपश्चिम प्रदेशमा महिला, वालिका र अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणमा योगदान पुर्‍याउँन सक्ने कार्यक्रमका क्षेत्रहरू सिर्जना गर्ने लक्ष्य राखेको छ ।

## सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय

भौगोलिक अवस्थितिको हिसाबले देशको पश्चिमी क्षेत्रमा अवस्थित सुदुरपश्चिम प्रदेश नेपालका सात प्रदेशहरू मध्ये एक हो। यहाँ कैलाली, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर गरी ९ वटा जिल्लाहरुमा ३३ वटा नगरपालिका, ५४ वटा गाउँपालिका र एक उपमहानगरपालिका गरी जम्मा ८८ वटा स्थानीय सरकारहरू रहेका छन् । नेपालको कुल जनसंख्या २९१६४५७८ मध्ये २७११२७० अर्थात (९.२९) प्रतिशत जनसंख्या यहाँ बसोवास गर्दछन। प्रदेशको जम्मा जनसंख्या मध्ये १२८७९९७ अर्थात (४७.५०) प्रतिशत पुरुष र १४२३२७३ अर्थात (५२.५०) प्रतिशत महिला रहेका छन् (Central Bureau of Statistics [CBS], 2021)। सुदुरपश्चिम प्रदेश मानव विकास सूचकाङ्क (HDI) मा ०.४७८३ अंकका साथ प्रदेश गत हिसाबले हेर्दा छैठौं स्थानमा रहेको छ (Dhungel, 2011)। यहाँको महिला साक्षरता दर ५१.९३ प्रतिशत रहेको छ, जुन पुरुष साक्षरता दर ७६.३७ भन्दा २४.४४ प्रतिशतले कम रहेको छ (CBS, 2021)। यहाँका अधिकाशं अर्थात ८३.१४ प्रतिशत घरपरिवारको

प्रमुख आयको स्रोत कृषि रहेको छ (UN Nepal, 2020) । यस प्रदेशमा बहुआयामिक क्षमताका विभिन्न पक्षहरु जस्तै नकारात्मक असर गर्ने प्रकृतिका सामाजिक मान्यता, अशिक्षा, बढिरहेको लैङ्गिक भेदभाव र अति गरिबीबाट प्रभावित रहेको छ (Bhandari, 2019)। यस्ता तत्वहरु सुदुरपश्चिम प्रदेशका विभिन्न विषयहरुसँग जोडिएर आएका छन् जसले महिला र वालिकाहरूलाई विकासका एजेन्डाहरू सामु अनावश्यक पीडाहरु भोग्नु पर्ने अवस्थाको सिर्जना गरेका छन । यस प्रदेशमा Search for Common Ground (2017) ले गरेको अनुसन्धानमा बझाङ, डोटी र कैलाली जिल्लामा राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय महासन्धिले प्रदान गरेको विशेष व्यवस्थाका साथै महिला तथा वालिकाको हकसम्बन्धी चेतना अत्यन्त न्यून रहेको देखाएको थियो । तलको तालिका १ मा सुदुर पश्चिम प्रदेशका महिलाको अवस्था बारेमा केही तथ्याङ्कहरु प्रस्तुत गरिएको छ ।

तालिका १: सुदूरपश्चिम प्रदेशका महिलासँग संबन्धित केही तथ्याङ्कहरु

| तथ्यांकको विवरण | प्रतिशतमा |
|---|---|
| महिलाले नेतृत्व गरेका घरपरिवार | २६ |
| अपाङ्गता भएका महिलाको जनसंख्या | २.७ |
| *सुदूरपश्चिम प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्या* | *२.६०* |
| *नेपालमा अपाङ्गता भएका व्यक्तिहरुका कुल जनसंख्या* | *२.२५* |
| बैंक खाता भएका महिला | ३३.७ |
| अहिलेसम्म इन्टरनेट प्रयोग नगरेका १५ देखी ४९ वर्षका महिला | ८.८ |
| कुनै पनि मिडियामा पहुँच नपुगेका १५ देखी ४९ वर्षका महिला | ५०.६ |
| कुनै जग्गा नभएका १५ देखी ४९ वर्ष उमेर समुहका महिला | ९६.५ |
| हिंसाको अनुभव गरेका १५ देखी ४९ वर्षका विवाहित महिला | |
| *शारीरिक हिंसा भोगेका महिलाहरु* | *१८.९* |
| *यौन हिंसा भोगेका महिलाहरु* | *७.९* |
| *भावनात्मक हिंसा भोगेका महिलाहरु* | *१०* |
| *तीनवटै प्रकारको हिंसा भोगेका महिलाहरु* | *३.७* |
| *श्रीमतीलाई कुटपिट गर्नु जायज हो भन्ने महिलाहरु* | *३४.३* |
| रोजगार महिलाहरु | १३.९ |
| महिलाहरू जसको आम्दानीको उपयोग पतिले निर्धारण गर्दछन । | १४.१ |

Source: *UN Nepal, 2021; National Federation of the Disabled-Nepal, 2023*

## लक्ष्य र उद्देश्यहरु

महिला, वालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरणकालागि आवश्यक परियोजनाका क्षेत्रहरू सिर्जना गर्न तथा उनीहरूसँग सम्बन्धित समस्याहरूलाई सम्भव भएसम्म प्रभावकारी रूपमा समाधान गर्न योगदान पुऱ्याउने लक्ष्यकासाथ सुदूरपश्चिम प्रदेशमा गरिएको यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- महिला, वालिका तथा अपाङ्गता भएका व्यक्तिहरुका (विशेष गरी छनौट गरिएका क्षेत्रहरूका) आवश्यक्ताका संबन्धि सरकारी र गैर-सरकारी संस्थाहरूसँग भएको ज्ञान अभिवृद्धि गर्ने ।
- महिला, वालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरणका लागि उत्कृष्ट परियोजनाहरूको विकासमा योगदान दिन सक्ने कार्यक्रम क्षेत्रहरू सिर्जना गर्ने ।

# अनुसन्धान विधी

यस अध्ययनको शिलशिलामा गुणात्मक विधी र संख्यात्मक विधीको मिश्रित अध्ययन विधि (QUAL-Quan model-based research design) अवलम्बन गरि अनुसन्धान ढाँचा तयार गरिएको थियो । जसमा गुणात्मक पक्षलाई बढि मात्रामा जोड दिइएको थियो । तर, छनौट गरिएका स्थानहरुको भौगोलिक अवस्थीति जनसांख्यिकीय स्वरुपको बारेमा जानकारी प्राप्त भए पश्चात गुणात्मक सूचनालाई सुदृढ गर्न संख्यात्मक तथ्याङ्क सङ्कलन विधि पनि प्रयोग गरिएको थियो । अध्ययन अनुसन्धानको क्रममा फोकस (लक्षित) समूह छलफल (FGD) र प्रमुख सूचनादाताहरूसँगको अन्तर्वार्ता (KII) मार्फत सङ्कलन गरिएको थियो, भने संख्यात्मक विधीबाट घरपरिवार (HH) सर्वेक्षण गरिएको थियो । परियोजनाको गुणात्मक र संख्यात्मक दुवै तथ्याङ्कहरूलाई यसपछि यस अध्ययनमा प्राप्त तथ्याङ्क अर्थात 'डेटा' भनिएको छ ।

### *नमूना छनौट र नमुना संख्या*

अनुसन्धान टोलीले सुदूरपश्चिम प्रदेशका केही प्रमुख व्यक्तिहरु र संस्थासँग परामर्श गरी अध्ययनकालागि कैलाली र कञ्चनपुर जिल्लाहरुलाई (यसपछि 'अध्ययन जिल्लाहरु' भनिने) छनौट गरेको थियो । कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिका र कैलाली जिल्लाको कैलारी गाउँपालिकालाई अध्ययनका लागि छनोट गरिएको थियो

(भीमदत्त र कैलारीलाई यसपछि ‘अध्ययन पालिका वा नगरपालिका’ भनिनेछ)। प्रत्येक नगरपालिकामा, एक एक वडा (सरोकारवालाहरूको[5] परामर्शबाट भीमदत्त र कैलारी नगरपालिकामा क्रमशः वडा नम्बर ६ र वडा नम्बर २) छनोट गरिएको थियो। घरधुरी सर्वेक्षणका लागि क्षेत्रगत रुपमा (क्लस्टर) नमूना छनौट विधीद्वारा प्रत्येक वडामा एक एक सीमान्तकृत र विपन्न समुदाय छनोट गरिएको थियो । चयन गरिएका समुदायहरूमा, अध्ययनकर्ताहरूले पहिलो घर चयन गर्न एक सामान्य विधि प्रयोग गरेका थिए (एक पालिकामा पेन्सिल फ्याँकि सो पेन्सिलको बिन्दुले देखाएको घरधुरी र अर्को पालिकामा छनोट गरिएको समुदायमा जाँदा आउने पहिलो घरलाई पहिलो घरधुरीको रुपमा सर्वेक्षण गरेका थिए)। त्यसपछि प्रत्येक एक घरको अन्तरमा आउने घर, घरको संख्या १०० नपुगेसम्म सर्वेक्षण गरियो। यसरी जम्मा २०१ (कैलारी र भीमदत्त नगरपालिकामा क्रमशः १०० र १०१) घरधुरी सर्वेक्षण मार्फत जनसांख्यिक तथ्याङ्क सङ्कलन गरिएको थियो।

त्यसैगरी, प्रत्येक नगरपालिकामा, हजुरआमा, आमा, भर्खरै विवाह भएका विवाहित महिला, अविवाहित वालिका (यसपछि ‘महिलाको चार पुस्ताका’ रूपमा उल्लेख गरिएको) र अपांगता भएका व्यक्तिहरु गरी दुई वटा नगरपालिकामा जम्मा ८२ जना सहभागी रहेका १० वटा समुह छलफल (FGD) मार्फत थप सुचना संकलन गरिएको थियो (सहभागीहरुको विस्तृत विवरण तालिका २ मा प्रस्तुत गरिएको छ)। अनुसन्धानकोलागि छनौट गरिएका नगरपालिका र जिल्लाहरूमा काम गर्ने सरकारी, गैर-सरकारी संस्थाका प्रतिनिधिहरु र अन्य व्यक्तिहरू गरी जम्मा ४१ जना प्रमुख सूचनादाताहरूसँग अन्तर्वार्ता, नगरपालिकाका प्रमुख र उपप्रमुख तथा सम्बन्धित वडाका वडा अध्यक्षहरूसँग अन्तर्वार्ता तथा भेटघाट मार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो भने सुदूरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्रीसँग पनि संक्षिप्त छलफल गरिएको थियो।

### *अध्ययन सामाग्रीहरु*

यो अनुसन्धानमा अध्ययन सामाग्रीको रुपमा सूचना संकलन गर्न खुल्ला र अर्ध संरचित (अर्ध-खुल्ला) गरि २ प्रकारका प्रश्नावलीहरु प्रयोग गरिएको थियो। KII र FGD को लागि खुला प्रश्नावली निर्माण गरिएको थियो भने घरधुरी सर्वेक्षणकोलागि

[5] यस अनुसन्धानमा सरोकारवाला भन्नाले छानिएका नगरपालिकाका निर्वाचित प्रतिनिधि, गैरसरकारी संस्था, सामुदायीक सँस्था, पत्रकार, सरकारी प्रतिनिधि, स्थानीय नेता तथा अभियन्ताहरुलाई उल्लेख गरेका छन्।

अर्ध संरचित (अर्ध-खुला) प्रश्नावली तयार गरिएको थियो । तीन अनुसन्धानकर्ताहरू मध्ये, दुईजना प्रश्नावली निर्माणमा संलग्न थिए भने एक अनुसन्धानकर्ता र दुई अन्य फिल्डमा आधारित अनुसन्धानकर्ता वा सुचना संकलनकर्ताहरू, जो पछि घरधुरी सर्वेक्षण गर्न नियुक्त गरिएका थिए, उनिहरुलाई अनलाइनका माध्यम मार्फत विधी र प्रकियाबारे अभिमुखीकरण गरिएको थियो । नमुना छनौट गरिएका मध्येबाट तीन जना सूचनादाता र पाँच घरधुरी सर्वेक्षणको साथ नमुना सुचना संकलनमार्फत प्रश्नावलीलाई परिक्षण गरी अन्तिम रूप दिइएको थियो ।

### *जानकारी ट्रान्सक्रिप्शन र विश्लेषण*

अध्ययन अनुसन्धान पश्चात सङ्कलन गरिएका गुणात्मक जानकारीहरू पहिले जस्ताको तस्तै रुपमा नेपाली भाषामा संकलन गरी कम्प्युटरमा लेखिएका थिए । ट्रान्सक्रिप्टहरू पुनः अवलोकन गरी सहभागीहरूको पहिचान हुने प्रकृतिका विषयवस्तुहरु हटाई बाँकी आवश्यक विषयक्षेत्रहरुको पहिचान गरीएको थियो । त्यसपछि विषयगत क्षेत्रहरुका आधारमा विश्लेषण गरियो । अध्ययनको नतिजा प्रस्तुतीमा अंग्रेजी भाषाको प्रयोग गरिएको थियो भने गुणात्मक तथ्याङ्कहरु माइक्रोसफ्ट एक्सेल मार्फत प्रशोधन गरिएको थियो । विषयगत रुपमा प्रस्तुत गरिएको निष्कर्ष सहितको मस्यौदा प्रतिवेदनलाई नेपालीमा अनुवाद गरी नेपाली संस्करणको मस्यौदा प्रतिवेदन सम्बन्धित नगरपालिका, वडाका प्रतिनिधि र अधिकारीहरूलाई साझा गरिएको थियो । अन्त्यमा मस्यौदा प्रतिवेदनमा प्राप्त भएका पृष्ठपोषणहरुलाई समेत समेटेर यो अन्तिम प्रतिवेदन तयार पारिएको हो ।

### *अध्ययनको नैतिक पक्ष*

अनुसन्धानकर्ताहरूले प्रश्नावली र सबै अध्ययनका सामाग्रीहरुका वा कागजातहरूमा पक्षपाती र अनादरपूर्ण भाषा र शब्दहरू प्रयोग नगर्न भाषिक सर्तकता अपनाएका थिए । अनुसन्धानको मूल्य (Value) उत्तरदाताहरूमा छोडिएको थियो जसको अर्थ अनुसन्धानकर्ताहरूले आफ्नो धारणा वा विचारहरु उत्तरदाताहरुका सुचनामा समावेश नगराउनेबारे जानकारी प्रदान गरिएको थियो । प्रत्येक उत्तरदातालाई यस अध्ययनको नतिजाको उद्देश्य, विधि र भविष्यमा यसको प्रयोगको बारेमा जानकारी दिइएको थियो । यस अध्ययनको जानकारी सहितको संक्षिप्त जानकारी पत्र तयार गरी प्रत्येक उत्तरदाताहरूलाई प्रदान गरिएको थियो (जानकारी गराइएको थियो) । उत्तरदाताहरूको (मौखिक) सहमति प्राप्त गरेपछि मात्र औपचारिक सुचना वा तथ्याङ्क

सङ्कलन सुरु गरिएको थियो । अनुसन्धानकर्ताहरूले उत्तरदाताहरूलाई अन्तर्वार्ता शुरु गर्नु अघि कुनै प्रश्नहरू सोध्न चाहेमा समय पनि प्रदान गरिएको थियो । तथ्याङ्क सङ्कलन सामग्री र सूचना पत्रमा अनुसन्धानकर्ताहरूले लिङ्ग, संस्कृति, जाति, विपन्नता, र अन्य विषयहरुमा पनि सम्मानजनक भाषाको प्रयोग गरीएको थियो ।

अध्ययन क्षेत्रका संघसंस्था, भाषा, धर्म, संस्कृति लगायतका क्षेत्रहरुलाई उच्च सम्मान दिदै संकलन गरिएका तथ्याङ्क तथा जानकारीहरुको प्रयोगमा समेत उच्च सावधानी अपनाईएको कायम गरिएको थियो । अध्ययन सुरु गर्नु अघि JWAS ले सम्बन्धित स्थानीय सरकारहरूबाट अध्ययन स्वीकृति प्राप्त गरेको थियो भने अन्य स्रोतहरू वा साहित्य अध्ययनबाट प्राप्त ज्ञानहरुसँग सम्बन्धित स्रोत समेत उल्लेख गरिएको छ ।

### ***अनुसन्धान समूह***

यस अध्ययनको लागि जानकी महिला जागरण समाजले एक प्रमुख अनुसन्धानकर्ता र दुई अन्य अनुसन्धानकर्ता सहित तीन जना अनुसन्धानकर्ताहरूको टोली परिचालन गरेको थियो । यसै बीच थप एक अनुसन्धान विशेषज्ञ/निरीक्षकलाई पनि छोटो अवधिको लागि परिचालन गरिएको थियो । सुचना सङ्कलन कार्यका लागि दुई जना फिल्डमा आधारित अनुसन्धान सहायकहरू रहेका थिए अनुसन्धान सहायकलाई अनुसन्धानबारे अभिमुखीकरण प्रदान गरी परिचालन गरिएको थियो । अनुसन्धानसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरु प्रमुख अनुसन्धानकर्ताको नेतृत्व र यस संस्थाका कार्यकारी निर्देशकको प्रत्यक्ष व्यवस्थापन तथा सुपरिवेक्षणमा संचालन गरिएको थियो ।

### ***अध्ययनको सिमितता***

सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्ला मध्ये दुई जिल्ला र ८८ वटा नगरपालिका मध्ये २ वटा नगरपालिकामा मात्र संचालन गरिएको यो अनुसन्धान परियोजना विशेषत सीमित संख्यामा गरिएको घरधुरी सर्वेक्षण (HH survey), मुख्य सूचनाकर्ताहरू र FGD द्वारा उपलब्ध गराइएका जानकारीहरुमा आधारित छ । आफ्नो उद्देश्यमा केन्द्रित रहेको यो अध्ययनले महिला, वालिका र PwD हरूसँग सम्बन्धित पक्षहरूको विस्तृत दायरालाई मात्र समेटेको छ । अध्ययनको पूर्ण केन्दविन्दु भन्नुनै महिला, वालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरणको आवश्यक्तामा सीमित थियो । अनुसन्धानकर्ताहरूले अध्ययनको दायरा भन्दा बाहिरका महिला,

वालिका, घरधुरी सर्वेक्षणका र अन्य समुदाय र मानिसहरूका समस्याहरूलाई अध्ययनको केन्द्रबिन्दुबाट बाहिर राखेको अवस्था थियो । Simon (2011) का अनुसार, अध्ययनका सिमितताहरु ती विशेषताहरू हुन् जसले अध्ययनको दायरालाई सीमित गर्दछन, अध्ययनको सीमाहरू परिभाषित गर्दछ र यो अनुसन्धानकर्ताको नियन्त्रणमा हुन्छ ।

## उत्तरदाताहरुको प्रोफाइल

मुख्य व्यक्तिहरूको पहिचान र अन्तर्वार्ता प्रक्रिया यो अध्ययन अवधिभर निरन्तर संचालनमा थियो । छनौट भएका नगरपालिका र जिल्लामा रहेका स्थानीय संस्थाहरु (सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य चौकी, वित्तीय संस्था, सहकारी तथा गैर-सरकारी संस्था) को सूची तयार गरी सूचीकृत प्रत्येक संस्थाका कम्तीमा एकजना प्रतिनिधिसँग अन्तर्वार्ता लिइएको थियो भने वडाका जन प्रतिनिधिहरु, नगरपालिकाका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, जिल्ला समन्वय समितिका प्रतिनिधि, सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका प्रतिनिधिसँग पनि अन्तर्वार्ता लिइएको थियो । त्यसैगरी जिल्ला र नगरपालिकामा कार्यरत महिला तथा वालिकाको समस्या समाधान गर्ने संस्थासँग गरी छनौट गरिएका जिल्लामा जम्मा ४१ जनासँग अन्तर्वार्ता लिइएको थियो । त्यसैगरी १० वटा समुह छलफल (FGD) मा सम्बन्धित दुई जिल्लाबाट जम्मा ८२ जनाको सहभागिता रहेको थियो । जसको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।


तालिका २: समुह छलफल (FGD) मा सहभागिता

| **समूह जानकारी** | **समुह छलफल (FGD) संख्या** | **सहभागीहरूको संख्या** |
|---|---|---|
| हजुरआमा | २ | १७ |
| भर्खरै विवाहित महिलाहरु | २ | १४ |
| वालिकाहरु | २ | १८ |
| आमा समूह | २ | १७ |
| अपाङ्गता भएका व्यक्तिहरू | २ | १८ |
| कुल | १० | ८२ |

Source: *FGD*

घरधुरी सर्वेक्षण मार्फत संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तत्थ्याङ्कहरु सङ्कलन गरिएको यस अध्ययन प्रतिवेदनमा प्राप्त सूचना तथा जानकारीहरुमा मानिसहरूको जनसांख्यिकीय विशेषताहरूलाई समेत प्रस्तुत गरिएको छ । अनुसन्धानकर्ताहरूले सर्वेक्षण भ्रमणको समयमा सम्बन्धित घरमा उपलब्ध व्यक्तिहरु मार्फत नै तथ्याङ्क संकलन गरेका थिए । जम्मा २०१ घरमा सर्वेक्षण गरिएकोमा ४७ जना पुरुष र १५४ जना महिला उत्तरदाताहरु सहभागी थिए । जसमध्ये ७५ जना जनजाति, ७० जना ब्राह्मण/क्षेत्री, ५३ जना दलित, एक मुस्लिम र दुईजना अन्य व्यक्तिको सहभागिता रहेको थियो । जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

चित्र १: घरधुरी सर्वेक्षणमा सहभागी सम्बन्धी जानकारी




Source: *HH survey*

## ***गैर-सरकारी संस्थाका कार्यक्रमहरूमा जनताको सहभागिता***

यो अध्ययनको शिलशिलामा अधिकाशं मानिसहरु गैर-सरकारी संस्थाको कामसँग परिचित रहेको पाईएको छ । सर्वेक्षण गरिएका जम्मा २०१ घरधुरीहरु मध्ये १२४ अर्थात ६२ प्रतिशत घरधुरीले सहकारी संस्थासँग सम्बन्धित कार्यक्रमहरूमा सहभागी रहेको प्रतिक्रिया दिएका थिए भने ६८ अर्थात ३३ प्रतिशत घरधुरीले कृषि सम्बन्धी कार्यक्रममा सहभागी भएको प्रतिकृया दिएका थिए । त्यसैगरी स्वास्थ्यसँग सम्बन्धी कार्यक्रमहरूमा ३० अर्थात १४ प्रतिशत र २८ घरधुरीले गैर-सरकारी संस्थाहरूद्वारा लागू गरिएका शिक्षासम्बन्धी कार्यक्रमहरूमा भाग लिएका रहेछन । अनुसन्धानले गैर-सरकारी संस्थाहरूको अधिकारमा आधारित र अन्य क्षेत्रगत

कार्यक्रमहरूमा कम संख्यामा सहभागी भएको फेला पारेको छ । तर ३५ घरधुरीले भने कुनै पनि संस्थाले आयोजना गरेको कार्यक्रममा सहभागी नभएको बताए ।

### *सहभागीहरुको शिक्षा र पेशाको अवस्था*

घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार यहाँका अधिकांश अर्थात ८० प्रतिशत घरपरिवारको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । तथापी सबै ८० प्रतिशत घरपरिवार आफ्नै जमिनमा कृषि तथा पशुपालनमा संलग्न नभई कृषिसँग सम्बन्धित ज्याला मजदुरीको रूपमा पनि काम गर्ने गरेको पाईएको छ । जम्मा सहभागीहरु मध्ये ३१ अर्थात १५ प्रतिशत घरपरिवार (HH) ज्यालादारी मजदुरी गर्दछन भने २७ अर्थात १३ प्रतिशतका आफ्नै स-साना व्यवसायहरू छन । साना व्यवसायहरु प्रायजसो किराना पसलहरू रहेका छन । यहाँ २१ अर्थात १० प्रतिशत घरपरिवारको कम्तिमा एक सदस्य निजी कम्पनीमा वा सवारी साधन चालकको रुपमा रोजगारीमा संलग्न रहेका छन भने अत्यन्त न्युन तीन प्रतिशत घरधुरीका सदस्यहरु सरकारी सेवामा कार्यरत रहेको पाउन सकिन्छ ।

अध्ययन गरिएका स्थानीय तहहरुमा १० देखि २९ वर्ष उमेर समूहका मानिसमा विद्यालय छाड्ने दर सबैभन्दा बढी रहेको पाइएको छ । १२ कक्षा नपुग्दै १५५ जनाले विद्यालय छोडेका पाइन्छ भने ९ जनाले प्राथमिक शिक्षा पूरा गर्नुअघि नै छाडेको तथा कक्षा ६ देखि ११ सम्मको समयावधीमा १४६ जनाले विद्यालय छाडेको तथ्याङ्क रहेको छ । यसरी विद्यालय छोड्नुको मुख्य कारणको रुपमा ७२ जना अर्थात ३६ प्रतिशत सहभागीले विद्यालयको शुल्क बहन गर्न नसकेर विद्यालय छाडेको बताएका थिए । तर यो विषय भने सरकारी निःशुल्क शिक्षा नीतिसँग बाझिएको अवस्था छ । बाल-विवाहका कारण ३४ वालिका विद्यालय छोड्न बाध्य भएको पाइन्छ भने PwD र COVID 19 ले तीन जना विद्यार्थीहरु विद्यालय छोड्न बाध्य भएको वताएका छन् भने बाँकी १२ जनाले अज्ञात कारणले विद्यालय छोडेका छन ।

विद्यालयमा नियमित शुल्क तिर्नु नपर्ने तथा निशुल्क पाठ्यपुस्तक प्राप्त भएता पनि नियमित रूपमा विद्यालय जानको लागि लत्ताकपडा खर्च, खाजा खर्च, र स्टेशनरीहरू वापतको खर्च पनि आवश्यक हुने हुँदा गरीब परिवारको विद्यार्थीले खर्च बहन गर्न नसक्ने अवस्था हुन जान्छ भन्ने कुरा अध्ययनबाट आएको छ । अध्ययनबाट प्राप्त सम्बन्धित पालिकाहरुको शिक्षा सम्बन्धी थप विवरण तल प्रस्तुत गरिएको छ ।

तालिका ३: उत्तरदाताहरुको शिक्षाको स्तर

| शिक्षाको तह | अध्ययनरत विद्यार्थी | विद्यालय छाडेका विद्यार्थी |
|---|---|---|
| कक्षा ५ सम्म | १५० | ९ |
| कक्षा ६ - १२ सम्म | १५५ | १४६ |
| १२ कक्षा माथि | ६१ | ० |
| जम्मा | ३६६ | १५५ |

Source: *HH Survey*

# अध्ययन प्रतिवेदनका प्रमुख निष्कर्षहरु

यस अध्यायमा, घरधुरी सर्वेक्षण, मुख्य सूचना दाताहरुसँगको अन्तवार्ता र समुह छलफल मार्फत प्राप्त भएका गुणात्मक सूचना तथा जानकारीहरुलाई विषयगत रूपमा प्रस्तुत गरिएको छ । भीमदत्त नगरपालिका र कैलारी गाउँपालिकाबाट प्राप्त सूचना तथा जानकारीमा समानता पाउन सकिन्छ। तसर्थ, सबै संकलित सूचना तथा तथ्याङ्कहरुलाई एकै ठाउँमा संयोजन गरेर विषयक्षेत्रगत रुपमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।

## महिला तथा वालिकाहरु विरुद्ध हुने भेदभाव

कतिपय अभिभावकले अझै पनि छोरा र छोरीबीच भेदभाव गर्ने गरेका छन भनेर (FGD) मा सहभागी वालिकाहरुले बताएका छन । उदाहरणकालागि, छोरीहरू सरकारी विद्यालयमा पढिरहेका छन भने छोराहरू निजी विद्यालयमा भर्ना गरिएका छन । सरकारी विद्यालयभन्दा निजी विद्यालय राम्रो हुन्छ भन्ने केही अभिभावकहरूको बुझाइ रहेको पाईएको छ । निजी विद्यालयहरू महँगो छन्, यद्यपि, अभिभावकहरूले आफ्नो छोरालाई यी विद्यालयहरूमा पठाउन आफ्नो सामाजिक प्रतिष्ठा मान्दछन् । अध्ययनमा सहभागी वालिकाहरूले कतिपय अभिभावकको यस्तो भेदभावपूर्ण व्यवहारलाई स्वीकार गरेनन् तथापी यस प्रकारको भेदभावपूर्ण अभ्यासले प्राय: वालिकाहरूलाई गुणस्तरीय शिक्षा प्राप्त गर्नबाट बञ्चित गर्दछ र उनीहरूलाई सफलता प्राप्त गर्नबाट हतोत्साहित गर्छ । अनुसन्धानमा संलग्न हुने सबै किशोर वालिकाहरूले एकैभावमा प्रतिध्वनित गर्ने गरेका छन,

*'वालिकाहरूलाई पनि वालक सरह शिक्षाको अवसर दिनुपर्छ ।'*

समुह छलफलमा सहभागी सबै सहभागीहरूले आफ्नो जीवनमा कुनै न कुनै प्रकारको भेदभावको अनुभव गरेको बताए । उदाहरणकालागि, सानै उमेरमा र जबरजस्ती विवाह, शारीरिक हिंसा (समुदायका केही पतिहरूले पत्नीलाई अझै पनि शारीरिक हिंसा गर्दछन), काममा आधारित भेदभाव (महिलाहरूलाई प्रायः घरको व्यवस्थापकको रुपमा वा गृहिणी मानिन्छ), सम्पत्तिमा आधारित हिंसा (पुरुषहरूले महिलाको आय प्रयोग गरिरहेका छन), सेवाहरूमा असमान पहुँच, र पुरुष र महिलाको विभिन्न पुस्ताकालागि असमान अवसरहरू आदि कुनै न कुनै प्रकारका भेदभावहरु थिए । कतिपय परिवारका पुरुष सदस्यहरुको मदिरा र लागूऔषधको सेवन गर्ने बानीले महिला सदस्यहरुको जिवन अप्ठयारोमा परेको अवस्था छ । कतिपय समुदायहरूमा परम्परागत उपचार प्रणाली र परम्परागत उपचार प्रणालीमा संलग्न व्यक्तिहरू प्रतिको अन्धविश्वासले पनि महिला तथा वालिकाहरूको जीवनमा हानिकारक प्रभाव पारिरहेको छ ।

## सामाजिक मूल्य र मान्यताहरू

अनुसन्धानले सुदूरपश्चिम प्रदेश अन्तर्गतका समुदायमा प्रचलित कतिपय महिला र वालिकाहरुको जिवन नै जोखिममा पार्ने गलत सामाजिक मुल्य र मान्यताहरू उजागर गरेको छ । बालविवाह[6] (जबरजस्ती र आफु खुसी[7]) समुदायमा प्रचलित त्यस्ता मान्यताहरू मध्येको एक हो । यस अनुसन्धानबाट सुदूरपश्चिम प्रदेशका सहभागीहरु बालविवाह अन्त्य गर्न गम्भीर छन भन्ने उजागर भएको छ । अध्ययनमा भाग लिएकी एक सहभाागी वालिकाको भनाई देहाय बमोजिम साभार गरिएको छ ।

*'सानै उमेरमा विवाह गरेपछि समृद्ध भविष्यका सबै सपना र सम्भावना समाप्त हुने भएकाले म सानै उमेरमा विवाह गर्न चाहन्न ।'*

बाल विवाहले वालिकाको जीवन कष्टकर बन्दै गएको छ । सानै उमेरमा हुने विवाहले सानै उमेरमा बच्चा जन्माउने जसले गर्दा वालिकाको बाँकी जीवन आफ्ना बच्चाहरूको हेरचाह तथा पालनपोषणमा नै व्यतित हुने र विद्यालय छाड्ने घटना पनि बढि संलग्न रहेको पाइएको छ ।

---

6 यो अनुसन्धानले 'बाल विवाह' र 'छिटै विवाह' लाई एकै रुपमा र समान अर्थमा प्रयोग गर्दछ ।

7 स्व-विवाह वा आफु-खुसी विवाह भनेको केटा र केटीहरूले आफ्ना आमाबाबु वा अभिभावकको सहमति बिना नै एकअर्कासँग विवाह गर्ने निर्णय गर्नु वा विवाह गर्नु हो ।

त्यसैगरी, अनुसन्धानले सानै उमेरका वालिकाहरूमा आफु खुसी विवाह गर्ने प्रवृत्ति बढेको प्राप्त गरेको छ । हाल सामाजिक सञ्जाल युवा अवस्थाका वालिकाहरू र केटाहरू सहित सबै उमेर समूहका मानिसहरू माझ धेरै लोकप्रिय भएको सुचनादाताहरूको धारणा छ । यद्यपि, युवाहरू सामाजिक सञ्जाललाई सही रूपमा कसरी प्रयोग गर्ने बारे सचेत हुन नसक्नुले अन्य परिणामहरू मध्ये, सानै उमेरमा आफु खुसी विवाहको प्रवृत्ति बढ्दै जानु पनि एक रहेको छ यद्यपि, प्राप्त तथ्याङ्क अनुसार बाल-विवाह, जबर्जस्ती विवाह वा आफैंले सुरु गरेको वा आफु खुसी विवाह सबैले केटी अर्थात महिलाहरूको जिवनयापनमा बाधा पुर्याउँछ ।

त्यसैगरी, महिनावारीमा आधारित भेदभाव (उदाहरणकालागि छाउपडी) र जातीय भेदभाव (दलित र सीमान्तकृत महिला र वालिकाहरू बढी हिंसा र भेदभावको सामना गर्छन) पनि यहाँको समुदायहरूमा व्याप्त रहेको छ ।

उत्तरदाताहरूका अनुसार यी मध्ये केही मान्यताहरू, मानिसहरूको पितृसत्तात्मक मानसिकताको परिणाम हुन् । पितृसत्तात्मक समाजमा, निर्णयहरू पुरुषले मात्र लिने मान्यता छ जसले अन्ततः महिला सशक्तिकरणका अवसर लगायतका अन्य अवसरहरू घटाउँछ । समुह छलपलमा भाग लिने विभिन्न उमेर समुहका महिलाहरूका अनुसार, मानिसहरू अझै पनि पितृसत्ताको अनावश्यक भावना बोकिरहेका छन जसले महिलाहरूलाई केही परम्परागत विश्वासहरू पछ्याउन बाध्य पारिरहेको छ । उदाहरणकालागि, मानिसहरू अझै पनि बच्चाहरूको हेरचाह गर्ने काम महिलाको मात्र हो भनेर विश्वास गर्छन ।

उत्तरदाताहरुका अनुसार यहाँको समुदायमा हुने बाल-विवाह अन्त्यकालागि सरोकारवालासँग मिलेर काम गर्नुपर्ने, र महिला तथा वालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र भेदभाव विरुद्ध लड्न, लागुऔषध दुर्व्यसन रोक्न र लैङ्गिक विभेद विरुद्ध सचेतना जगाउन पनि साझा प्रयास अत्यावश्यक छ । जबरजस्ती बाल-विवाह विरुद्ध प्रथमतः अभिभावकहरुमा सचेतना फैलाउन र युवाहरुलाई सामाजिक सञ्जालको सही सदुपयोग सम्बन्धी शिक्षा दिन सके वालिकाको कम उमेरमा हुने आफु खुसी विवाहलाई रोक्न प्रभावकारी हुन सक्छ । तथापी अनुसन्धानकर्ताले यस अध्ययनका क्रममा सामाजिक सञ्जाल र युवतीहरूको आफु खुसी विवाह विचको सम्बन्ध देखाउने कुनै अनुसन्धान फेला पार्न नसकेको अवस्था छ । केटीहरूको सानै उमेरमा आफु खुसी गरिएको विवाहको बारेमा अनुसन्धानको आवश्यकत्ताको साथ-साथै, गैर-सरकारी संस्थाका नेताहरूले सामाजिक सञ्जालको सही प्रयोगकालागि विभिन्न तहका

सरकारहरूलाई नीतिगत सिफारिसहरू प्रदान गर्न सक्ने गहन अनुसन्धानको आवश्यक्ता पनि पहिचान गरेका छन ।

## समसामयिक सवालहरू

समुदायमा अपराधजन्य हिंसालगायतका केही गम्भीर प्रकृतिका हिंसाका घटनाहरू बढिरहेको अध्ययनले देखाएको छ । मुख्य सूचनादाताहरूका अनुसार समुदायमा फैलिएका धेरै हिंसाहरु मध्ये गम्भीर अपराध सम्बन्धी हिंसा बाल यौन दुर्व्यवहार पनि हो । सञ्चार माध्यममा वालिकामाथि हुने बलात्कार र हत्याका समाचार बारम्बार आइरहेका हुन्छन साथै छिमेकी समुदायहरुमा यस्ता दुर्व्यवहार भइरहेकाले अध्ययनरत जिल्लाका वालिका तथा महिलाहरु निकै असुरक्षित महसुस गरिरहेका पाईएको छ ।

HIV संक्रमण सुदूरपश्चिमका जनताको प्रमुख चिन्ताको विषय हो । प्रदेशका धेरै युवा (पुरुष) वैदेशिक रोजगारीमा छन । HH सर्वेक्षण तथ्याङ्कले ७० घरधुरीबाट बाट ९६ जना वैदेशिक रोजगारीमा रहेको देखाएको छ । उत्तरदाताहरूले वैदेशिक रोजगारी र HIV बीचको सम्बन्ध रहेको मानेका छन् र यो भविष्यमा बढ्ने सम्भावना छ । केही सचेतना र रोकथामका कार्यक्रमहरू चलिरहे पनि उत्तरदाताहरुका अनुसार ती पर्याप्त छैनन् । यसका साथै युवा युवतीहरूकालागि यौन तथा प्रजनन स्वास्थ्य सचेतना कार्यक्रमको आवश्यक्ता रहेको पनि उत्तरदाताहरूले औंल्याए ।

युवायुवतीहरू लागुऔषध दुर्व्यसनको सिकार भइरहेका छन् । यस अध्ययनमा भाग लिने विभिन्न पुस्ताका महिलाहरूले यसबारे आफ्नो गम्भीर चिन्ता प्रकट गरे किनभने लागूपदार्थको लतमा परेका केही पुरुष र युवा केटाहरूले आफ्ना पत्नी, आमा र समुदायका महिलाहरूसँग दुर्व्यवहार गरिरहेका छन । युवाहरूमा मदिराको प्रयोगले महिला र वालिकाहरू विरुद्ध केही केटा र पुरुषहरूको नकारात्मक व्यवहारलाई प्रोत्साहन गरेको छ ।

## सेवाहरूमा पहुँच र सचेतनाको न्यून स्तर

अपाङ्गता भएका व्यक्तिहरुबाट प्राप्त जानकारी अनुसार, समग्रमा नेपालमा जस्तै सुदुरपश्चिम प्रदेशमा पनि शिक्षा क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच न्युन अवस्थामा रहेको छ । घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले २३ घरपरिवारका २४ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखाउँछ, यसै तथ्यांकलाई आधार मान्ने हो भने

सुदूरपश्चिम प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको संख्या धेरै रहेको हुन सक्ने अनुमान गर्न सकिन्छ। अध्ययनमा संलग्न सहभागीहरुका अनुसार अपाङ्गता भएका व्यक्तिहरुको शिक्षामा पहुँच बढाउँन सरकार गम्भीर हुन नसकेको धारणा रहेकोछ । धेरैजसो अपाङ्गता भएका बालवालिकाहरू आफ्ना लागि विशेष विद्यालय नहुँदा चाँडै पढाई छाड्ने, बौद्धिक अपाङ्गता भएका बालवालिका शिक्षा, सीप अभिवृद्धि र आयआर्जनका अवसरबाट वञ्चित हुनुपर्ने अवस्थामा रहेका छन भन्ने अवस्थाको जानकारीका साथै उत्तरदाताहरूले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई आयआर्जनका अवसरहरू प्रदान गर्न सक्ने र विशेष प्रकृतिका कार्यक्रमहरू पहिचान गर्न अनुसन्धानको आवश्यक्ता भएको सुझाव पनि दिएका छन। यसरी अध्ययन गर्दा सुदुरपश्चिम प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको संख्या उच्च रहनुले सरकारी तथा गैर सरकारी निकायहरुबाट अपाङ्गता भएका व्यक्ति वा समुदाय केन्द्रित विशेष कार्यक्रमहरुको माग गर्दछ ।

अनुसन्धानको क्रममा सुदूरपश्चिम प्रदेशका महिला, बालवालिका तथा अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकार क्षेत्र, सरकारी निकायबाट प्राप्त हुने सेवा तथा सुविधाहरुका साथै ती सेवा तथा सहुलियत प्राप्त गर्ने विधि र प्रक्रिया बारे अत्यन्त न्युन मात्र जानकारी रहेको जनाउँदै यस प्रकृतिका आधारभूत विषयबारे सम्बन्धित व्यक्तिहरुलाई जानकारी प्राप्त हुनै पर्ने धारणा राखेका छन । यसै बीच अपाङ्गता भएका उत्तरदाताहरूले आफुहरुले कल्याणकारी वा सेवामा आधारित छोटो अवधिको सहयोग मात्र प्राप्त गरिरहेको बताए । नगरपालिकाबाट विनियोजन हुने बजेटमा उप-वर्गीकृत वा उप-शीर्षक नभएको कारण अपाङ्गता भएका व्यक्ति, महिला र बालवालिकाहरूकालागि विशेष लक्षित कार्यक्रमहरूको अभाव रहेको छ । तथापी उनीहरूले आफ्नो अधिकारमा आधारित दिगो कार्यक्रमहरू प्राप्तीकालागि सरकारी तथा गैर-सरकारी निकायका सबै तहबाट विशेष ध्यान दिन माग गरेका छन्। तहगत हिसाबले हेर्दा (ग) बर्ग र (घ) बर्गका[8] अपाङ्गता भएका व्यक्तिहरुलाई सरकारी र गैर-सरकारी संस्थाहरूबाट हुन सक्ने सहयोगको बढि आवश्यक्ता रहेको विषयलाई उत्तरदाताहरूले जोड दिएका छन ।

युवा, अविवाहित युवतीहरू तथा वालिकाहरुले सरकारी विद्यालयको गुणस्तर बढाउनु पर्छ भन्ने धारणा राखेका थिए । सरकारी विद्यालयले निजी विद्यालय सरह

[8] सरकारले अपाङ्गताको अवस्थाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई वर्गीकरण गरेको छ।

शिक्षा दिने हो भने छोरालाई मात्रै निजी विद्यालयमा पठाएर अविभावकले छोरीमाथि गर्ने भेदभाव न्युन भएर जाने थियो भन्ने उनीहरुको धारणा रहेको थियो भने आमा र विवाहित महिला सहभागीहरुले अधिकारमा आधारित कार्यक्रमहरूमा युवा युवतीहरूलाई संलग्न गर्नुपर्ने आवश्यकता रहेको विषयमा जोड दिएका थिए । यसैबीच, पितृसत्तात्मक सोचलाई दृढतापूर्वक धारण गरेर शिक्षाको अवसरमा केटा र वालिकाहरूविच असमानता गराउने अभिभावकहरूलाई संवेदनशील बनाएर थप सुधार गर्नुपर्ने पनि अनुसन्धानले पहिचान गरेको छ । मदिरा, लागुऔषध र दुर्व्यसनका विरुद्धमा समुदायमा आधारित नियमित सचेतनामूलक कार्यक्रमहरू संचालन गर्न सके पनि महिला, वालिका र अपाङ्गता भएका व्यक्तिहरुहरुको शसक्तिकरणमा सहयोगी हुन सक्छन ।

अनुसन्धानले वालिकालाई पनि केटा सरह अवसर दिनुपर्ने विषयमा जोड दिएको छ। सार्वजनिक रूपमा बोल्न र लैङ्गिक भेदभाव विरुद्धको सामाजिक अभियानको नेतृत्व गर्नकालागि वालिकाहरूको नेतृत्व गर्ने क्षमतालाई बलियो बनाउनुपर्छ। यदि वालिकाहरूलाई सशक्त हुने र नीति निर्माताहरू समक्ष आफ्ना सरोकारहरूका सवालमा आफ्ना विषयहरु राख्ने मौका प्रदान गर्ने हो भने वालिकाहरु आफैले आफ्ना आवश्यक्ता, अधिकारको माग र वकालत गर्न सक्छन् । वालिकाहरूलाई नीति निर्माताहरूका अगाडि आफ्नो विचार राख्ने अवसर प्रदान गरिनुपर्छ।

## सिप तथा क्षमता अभिवृद्धिको आवश्यक्ता

घरधुरी सर्वेक्षणको नतिजा अनुसार यहाँ दुई घरपरिवारमा कम्तिमा एक जनासँग कुनै न कुनै प्रकारको सीप रहेको छ, जसलाई आफ्नो जीवन यापन सहज रुपमा संचालन गर्नकालागि प्रयोग गर्न सकिन्छ। यस अध्ययन अनुसार समुदायमा आधारित केही परम्परागत सीपहरूमा सिलाई कटाई सम्बन्धीत सीप, विशेष गरी थारु समुदायमा बाँस तथा बाँसजन्य उत्पादनबाट दैनिक जिवनकालागि उपयोगी हुने कलात्मक सामाग्रीहरु बनाउने सम्बन्धी सीप, ड्राइभिङ (ट्रयाक्टर, जीप, बस र ट्रक), प्लम्बिङ तथा सिकर्मी डकर्मी सम्बन्धी कार्यकालागि आवश्यक सिप आदि रहेका छन् भने पशुपालनसँग सम्बन्धीत आवश्यक सिप पनि कृषकहरुसँग रहेको पाईएको छ । घरधुरी सर्वेक्षणलाइ आधार मान्ने हो भने जम्मा उत्तरदाताहरूमध्ये लगभग ८० प्रतिशतले परम्परागत रुपमा संचालनमा रहेको कृषि प्रणालीमार्फत कृषि पेशामा संलग्न भएको बताएका छन ।

अनुसन्धानले महिलाको आर्थिक सशक्तिकरणकालागि आय आर्जनका अवसरहरूलाई प्रमुख आवश्यक्ताको रूपमा पहिचान गरेको छ। कृषि सम्बन्धी सीपमा आधारित तालिम, व्यावसायिक तालिम, सिलाई बुनाइ सम्बन्धी तालिम र अन्य सीपमा आधारित तालिम र महिलाको आय बढाउन सक्ने क्रियाकलापलाई आर्थिक सशक्तिकरणको प्रमुख स्रोतको रुपमा चिनिएको छ। विभिन्न पुस्ताका महिलाहरूले आफूसँग आर्थिक अधिकार नभएको र आयआर्जनका स्रोतहरू पनि नभएको धारणा राखेका छन। कहिलेकाहीँ, महिलाहरूले छोटो अवधिको प्रशिक्षण पाउँछन्, तर यसले प्रभावकारी प्रतिफल दिन सक्दैन। अध्ययन गरीएका स्थानका मानिसहरूमा बजार व्यवस्थापनको ज्ञानको पनी कमी भएको पाईयो र आफूसँग भएको सीप सदुपयोग गरी उचित लाभ लिन सकिरहेका छैनन्। राम्ररी पढ्न र लेख्न सक्ने शिक्षित युवा युवतीहरूले उद्यमशीलतासँग सम्बन्धित र सीपमा आधारित तालिमको माग गरेको अवस्था छ।

मानिसहरूले आफ्नो स्थानीय सरकारलाई आफ्नो समुदायको विकासको प्रमुख स्रोतको रूपमा हेरेका छन। नगरपालिकाले चाहेमा प्राप्त स्रोत र साधनलाई उपयोग गरि परम्परागत सीपलाई यस क्षेत्रका महिला तथा वालिकाको जीवनस्तर उकास्न सदुपयोग गर्न सकिने उनीहरुको धारणा छ। अध्ययन क्षेत्रका अधिकांश जनताको शिक्षाको स्तर राम्रो रहेको, प्राकृतिक स्रोतहरु बन, जमिन र जलस्रोतको पनि राम्रो उपलब्धता हुनाले यहाँका मानिसहरूलाई यी यस्तै प्रकृतिका अन्य स्रोतहरूको उपयोग मार्फत आय आर्जनका गतिविधिहरू संचालन गर्नका लागि क्षमताविकास तालिम, उत्पादन भएका सामाग्रीको बजारीकरण सहजिकरण प्रदान गर्ने किसिमका कार्यक्रम गर्न सकिन्छ।

यो अध्ययनले महिला तथा वालिकाको क्षमता अभिवृद्धिका केही क्षेत्रहरु पनि उजागर गरेको छ। उत्तरदाताहरूले महिला र केटीहरू विरुद्धको समुदायमा भएका नकारात्मक असर गर्ने प्रकृतिका अभ्यासहरूको अन्त्य गर्न विभिन्न पुस्ताका महिला, नीति निर्माताहरू र नागरिक समाजहरू बीचको वकालत संवाद र अन्तरक्रियालाई उच्च महत्व दिएका छन। त्यसैगरी शिक्षा, चेतना र तालिमलाई पनि महिला तथा वालिकाको आत्मविश्वास बढाउन प्रभावकारी माध्यमका रुपमा लिइएको छ। उदाहरणकालागि, आत्मरक्षासम्बन्धी तालिमले यौन दुर्व्यवहार विरुद्ध वालिकाहरूको आत्मविश्वास बढाउन सक्छ। बाल क्लब र युवा क्लबहरूको क्षमतालाई संस्थागत विकासका आधारमा बलियो बनाउनुपर्छ ताकि उनीहरूले प्रचलित समाजमा

नकारात्मक असर गर्ने प्रकृतिका मुल्य र मान्यताहरू विरुद्ध समुदायमा आधारित अभियानको नेतृत्व गर्न सक्नेछन ।

## गैर-सरकारी संस्थाहरू

यहाँ धेरै गैर-सरकारी संस्थाहरूले महिला, वालिका र अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर उकास्नकालागि अल्पकालीन र दीर्घकालीन प्रकृतिका परियोजनाहरू संचालन गरिरहेको अनुसन्धानले देखाएको छ। संचालित परियोजनाहरू मार्फत, महिला र वालिकाहरू बाल क्लब, युवा क्लब, सामुदायिक संघ संस्थाहरु जस्तै आमा समूह, र सहकारीहरूमा संलग्न भइसकेका छन। समुह छलफलमा सहभागीहरू, विशेष गरी वालिकाहरू, क्षमता निर्माणसँग संबन्धित गतिविधिहरूमा रुचि राख्ने र उनीहरू नकारात्मक असर गर्ने प्रकृतिका सामाजिक मान्यताहरू विरुद्ध केही सामुदायिक स्तरका अभियानहरूको नेतृत्व गर्न पनि इच्छुक रहेको पाईयो ।

अधिकाशं गैर-सरकारी संस्थाहरूले समुदायमा सक्रिय रूपमा काम गरिरहेको पाइएको छ। Carothers & Barndt (1999), का अनुसार गैर-सरकारी संस्थाहरूले नागरिक सहभागिता र नागरिक शिक्षालाई बढावा दिन्छन् र नागरिक जीवनमा संलग्न हुन चाहने युवाहरूकालागि नेतृत्वदायी प्रशिक्षण प्रदान गर्दछन् (पृ. २०) भने अनुसार, यस अध्ययनका उत्तरदाताहरूले गैर-सरकारी संस्थाहरूको योगदानको प्रशंसा गरे । अनुसन्धान टोलीले गैर-सरकारी संस्थाका केही नेता तथा अधिकारीहरूसँग भेटघाट गरेको थियो ।

तथापी घरधुरी सर्वेक्षणले १७ प्रतिशत अर्थात ३५ वटा घरपरिवारले गैरसरकारी संस्थाहरुले सञ्चालन गरेका कुनै पनि कार्यक्रमहरूमा भाग नलिएको जानकारी दिएका छन् । त्यसैगरी महिला तथा वालिकाहरूले, गैर-सरकारी संस्थाका कार्यक्रमहरू मार्फत आफ्नो जीवनमा केही परिवर्तनहरू अनुभव गरेको बताएका छन् । गैर सरकारी संस्थाहरुले स्थानीय स्तरमा संचालन हुने कार्यक्रममा महिला, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी जानकारी प्रदान गरेकोले निश्चित वर्गको दैनिक जीवनमा मद्दत गरेको पाईन्छ। महिला सशक्तिकरण सम्बन्धी कार्यक्रमले महिलालाई नेतृत्वदायी भूमिकामा सुधार गर्न, विकास कार्यमा सहभागिता जनाउन र राजनीतिमा सहभागिता बढाउन मद्दत गरेको छ ।

विशेषगरी कैलारीका सहभागीहरुले जनतालाई सहकारीमा जोड्नकालागि गैर-सरकारी संस्थाको योगदानलाई खुलेर प्रशंसा गरेका छन् । कैलारीवासीको साझा प्रतिक्रिया यस्तो थियो:

> *'सहकारीले कम ब्याज दरमा धितो मुक्त ऋण सुविधा प्रदान गर्दछ जसले हामिहरुको दैनिक जीवनमा मद्दत गरेको छ।'*

सहकारीले जनताको दैनिकी सहज बनाएको छ जसले गर्दा बाल वालिकाको शिक्षा र स्वास्थ्यमा लगानी गर्न सक्षम भएको उत्तरदाताको भनाई छ । सहकारीले गरिब तथा सीमान्तकृत समुदायमा दैनिक बचत गर्ने बानी पनि प्रवर्द्धन गरेको छ ।

आमा समूह र सहकारी सदस्यहरूले पनि गैर-सरकारी संस्थाहरूको भूमिकालाई आफुहरुलाई एक समूहको रूपमा संगठित हुन सहयोग गरेको संस्था भनी जोड दिए । एक समूहमा संलग्नताले उनीहरूलाई बेमौसमी तरकारी खेती र यसको बजारीकरणमा व्यक्तिगत सीपहरू बढाउँन मद्दत गरेको छ । यहाँका महिलाले च्याउ खेतीमा बढावा दिँदा यसको उत्पादन पनि बढेको छ । गैर-सरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूमा सहभागी हुनाले व्यक्ति र समूह स्तरमा पनि आत्म-विश्वास बढ्नुका साथै समसामयिक विषयहरूमा र महिला अधिकारका बारेमा बढी जानकरी लिन आवश्यक छ भनेर संवेदनशील भएका छन् । महिला र वालिकामा आफ्नो अधिकारको माग गर्दै बोल्ने बानी विकास भऐको अवस्था छ जसले गर्दा आगामी दिनमा महिला र वालिकाहरू बोल्न र आत्मविश्वासका साथ आफ्नो परिचय दिन सक्नेछन् ।

## निष्कर्ष

माथिका निष्कर्षहरूले सुदूरपश्चिम प्रदेशका मानिसहरूलाई उपलब्ध स्रोत, सीप र स्थानीय स्तरमा आधारित दीर्घकालीन प्रकृतिका, सिप तथा क्षमता अभिवृद्धिका अवसर, आय-आर्जनका अवसरहरू प्रदान गर्न सक्ने र जीविकोपार्जन सम्बन्धी परियोजनाहरू आवश्यक रहेको निष्कर्षमा अनुसन्धानकर्ताहरू पुगेका छन । विद्यमान सीप र व्यवसायमा सुधार गरेर, स्थानीय स्रोतहरू प्रयोग गरेर, उद्यमशीलता प्रवर्द्धन गरेर र स्थानीय व्यापारिक उद्यम र सहकारीहरूसँग सहकार्य गर्ने नयाँ तरिकाहरू प्रस्तुत गरी महिला, वालिका र अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्त बनाउन सकिन्छ ।

विपन्न समुदायका, सीमान्तकृत वालिकाहरू तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कक्षाकोठा भित्र तथा बाहिर, औपचारिक तथा अनौपचारिक शिक्षा सुदृढ गर्न अत्यन्त जरुरी रहेको छ । विद्यालय बाहिर रहेका वालिकाहरु र विवाहित महिलाहरुकालागि व्यवहार परिवर्तन र जीवन सीप सम्बन्धी शिक्षा (विषयहरुमा दैनिक स्वास्थ्य र सरसफाई व्यवहार, लागुऔषध दुर्व्यसन, मदिरा सेवन लगायत महिला हिंसा, HIV सम्बन्धी सचेतना, यौन तथा प्रजनन लगायतका महिलासँग संबन्धित अन्य रोगहरु, लैङ्गिक हिंसा र हानिकारक सामाजिक मान्यताहरू) सहयोगी हुने निष्कर्षमा यो अनुसन्धान पुगेको छ । विद्यालय जाने वालिकाहरूको लागि, व्यवहार परिवर्तन शिक्षा, सामुदायिक श्रोता समूहहरू संगठित गरेर, ह्यान्डबुकहरू र रेडियो सिरियल ड्रामा (RSD) जस्ता पूर्व रेकर्ड गरिएका सामग्रीहरू वितरण गरेर जानकारी तथा सूचना प्रदान गर्न सकिन्छ ।

त्यसैगरी, यस अध्ययनका लक्षित व्यक्तिहरू र नीति निर्माताहरू बीचको अन्तरक्रियात्मक संवादले नीति निर्माताहरूलाई जनताका वास्तविक आवश्यक्ताहरू थाहा पाउन मद्दत गर्दछ । अर्कातर्फ लक्षित व्यक्तिहरूले नीति निर्माताहरूसँग आफ्ना सरोकार, आवश्यक्ता र अपेक्षाहरू व्यक्त गर्ने अवसर पाउनेछन् । अन्तरक्रिया पछि, लक्षित व्यक्तिहरू, विशेष गरी युवा वालिकाहरूले अन्तरक्रिया कार्यक्रममा नीति निर्माताहरूले गरेको प्रतिबद्धता व्यवहारमा परिणत गर्न वकालत गर्न सक्छन ।

मानिसहरूले स्थानीय सरकारलाई प्रमुख स्रोतको रूपमा हेरेका छन र संचालनमा रहेका गैरसरकारी संस्थाहरुको योगदानको पनि प्रशंसा गरिरहेका छन । तसर्थ, यी दुई संस्थाहरूले कुनै पनि परियोजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन, प्रभावकारी नतिजा र दिगोपनकालागि सहकार्य गर्नु अत्यन्तै महत्वपूर्ण रहेको यस अध्ययनको निर्ष्कष रहेको छ ।

## सिफारिसहरु

यो खण्ड अनुसन्धानको सबैभन्दा महत्वपूर्ण खण्ड हो जसले सुदूरपश्चिम प्रदेशमा महिला, वालिका र अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरणकालागि गर्नुपर्ने कार्यक्रमका क्षेत्रहरू प्रस्तुत गरेको छ । उत्तरदाताले समुदायमा वालिका, महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्तिकरण गर्न आवश्यक पर्ने विभिन्न प्रकारका कार्यक्रमहरूको सुझाव दिएका छन । उत्तरदाताले सुझाव दिएका कार्यक्रम क्षेत्रहरूलाई विभिन्न पाँच विधामा प्रस्तुत गरिएको छ । जुन देहायबमोजिम रहेका छन् ।

## औपचारिक र नागरिक शिक्षा

- विपन्न र सीमान्तकृत समुदायहरूलाई शैक्षिक सामग्री वितरण गर्नुपर्ने ।
- लक्षित समुदाय, खासगरी विपन्न र सीमान्तकृत वालिका र PwD लागि सरकारको निःशुल्क शिक्षा र छात्रवृत्ति संबन्धि व्यवस्थाहरू बारे समुदायहरूमा सचेतना सिर्जना गर्ने ।
- समुदायहरूमा निरन्तर र दिगो रुपमा विभिन्न अभियानहरूको कार्यान्वयन गर्नुपर्ने, उदाहरणका लागिः
    - वालिका भर्नाका लागि विद्यालय भर्ना अभियान,
    - महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्धको अभियान,
    - बाल-विवाह विरुद्धको अभियान,
    - वालिका र महिलाहरूको लागि नेतृत्वका अवसरहरूको प्राप्तिका लागि अभियानहरू,
    - महत्वपूर्ण दर्ताका लागि अभियानहरू,
    - परम्परागत नकारात्मक असर गर्ने अभ्यासहरू विरुद्धका अभियानहरू लगायत वालिका, महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई समाजको मूलधारमा आउन बाधा पुर्याउने प्रकृतिका कार्यहरु विरुद्धका अन्य अभियानहरु
- अपाङ्गता भएका बालवालिकाको हेरचाहमा अभिभावकहरूलाई तालिम र संवेदनशीलता जगाउने प्रकृतिका कार्यक्रम ।
- अविभावकहरूलाई सचेतना र अभिमुखीकरणका लागि नियमित घरपरिवार भ्रमणहरू साथै बाल-वालिकाहरूलाई निरन्तर शिक्षा प्राप्त गर्न र बालविवाह अन्त्य गर्न मद्दत गर्न स्थानीय महिला नेतृत्वकर्ताहरुको परिचालन ।
- विद्यालयमा साइकल, शैक्षिक सामग्री, लगायत आवश्यक सामाग्रीहरु वितरण गर्ने ।

### *स्वास्थ्य सचेतना*

- वैदेशिक रोजगारीमा रहेका मानिसहरू, विशेष गरी युवाहरूलाई लक्षित गरी HIV विरुद्ध घर र समुदायस्तरमा गहिरो चेतना जगाउनुपर्छ । त्यसैगरी HIV

को जोखिममा रहेका अन्य व्यक्ति र उनीहरूका अभिभावकलाई पनि HIV बाट बच्ने उपाएका बारेमा शिक्षा दिनुपर्छ ।

- भर्खरै विवाहित महिला र वालिकाहरूका लागि प्रजनन स्वास्थ्य सचेतना कार्यक्रम आयोजना गर्न आवश्यक छ । वालिका र कम उमेरमा विवाह गर्ने महिलालाई स्यानेटरी प्याड र गर्भनिरोधक सामग्री जस्ता सामाग्रीहरु नि:शुल्क वितरण गरिनुपर्छ ।
- गर्भवती महिलाकालागि २४ सै घण्टा नि:शुल्क एम्बुलेन्स सेवाको व्यवस्था गर्नु पर्ने ।
- नेतृत्व क्षमता भएका वालिकाहरूलाई मनोसामाजिक परामर्शकर्ताको रूपमा तालिम प्रदान गर्न सकिन्छ ।

### *क्षमता सुदृढीकरण*

- हिंसा, भेदभाव र अधिकारको उल्लङ्घन विरुद्धको वकालत अभियानको नेतृत्व गर्न महिला, वालिकाहरू तथा अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश र सहजिकरण गर्नुपर्ने,
- नीति सम्बन्धी अधिकारमा आधारित मामिलाहरूमा वालिकाहरू र वरिष्ठ सरोकारवालाहरूको संयुक्त संलग्नता सुनिश्चित गर्न सक्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- बाल क्लब र वालिकाहरूलाई सिकाइ आदानप्रदान, सार्वजनिक रुपमा बोल्ने तालिम, आत्मरक्षाको तालिम र उनीहरूलाई आफ्नो अधिकारको वकालत गर्न सक्षम बनाउने जस्ता कार्यक्रमहरु गर्ने ।
- वालिकाहरूलाई आत्मरक्षा तालिम र बाल यौन दुर्व्यवहार र बलात्कार विरुद्ध सुरक्षा र सुरक्षा सम्बन्धी वृहत शिक्षा प्रदान गर्ने ।
- हिंसा प्रभावित महिलाहरूलाई सहयोग गर्न गैर-सरकारी संस्थाहरू र सरकारी संस्थाहरूद्वारा संयुक्त ट्रस्ट कोष स्थापना गर्ने । गैर-सरकारी संस्थाहरूले त्यो कोषकोलागि प्राविधिक सञ्चालन सहयोग उपलब्ध गराउन सक्छन् । हिंसा प्रभावित महिला र बालिकहरू छोटो अवधिको लागि बस्न सक्ने सुरक्षित आश्रय गृह स्थापना गर्न कोष प्रयोग गर्न सकिन्छ । सेफ हाउसमा मनोसामाजिक सल्लाहकारहरूको समेत व्यवस्था गर्नुपर्ने ।

- नीति निर्माता र कार्यान्वयनकर्ताहरूलाई वालिका, महिला र अपाङ्गता भएका व्यक्तिहरूका विविध सवालहरूमा जागरुक बनाउन सक्ने कार्यक्रमहरू संचालन गर्नुपर्ने ।
- बालविवाह, महिनावारी र अन्य सामाजिक मान्यतामा आधारित भेदभाव अन्त्य गर्नका लागि घर परिवारदेखि समुदाय देखि जिल्ला र प्रदेश तहसम्मका धेरै चरणहरूमा थप अनुसन्धान, वकालत र अभियान संचालन गर्ने ।
- बालविवाह र अन्य नकारात्मक असर गर्ने सामाजिक मूल्य मान्यताहरू विरुद्ध धार्मिक नेताहरू, अभिभावकहरू, समुदायमा रहेका मुख्य व्यक्तिहरू र युवालाई केन्द्रित अभिमुखीकरण लगाायत केही थप कार्यक्रमहरू गर्नुपर्ने ।
- अपाङ्‌गता भएका तथा साना बालवालिकाहरूलाई खेलकुदमा प्रोत्साहन गर्नु पर्ने । विद्यालयमा खेलकुद तथा शैक्षिक सामग्री वितरण गर्नुपर्ने ।

## ***आर्थिक सशक्तिकरण***

- व्यक्तिगत घरायसी स्तरको दीर्घकालीन जीविकोपार्जन सुधार योजना तयार गर्न समुदायहरूलाई सहजीकरण गर्नुपर्ने । घर परिवारहरूलाई त्यस्ता जिविकोपार्जनका योजनाहरू कार्यान्वयन गर्न र ती योजनाहरूको आवधिक समीक्षा गर्न सक्षम बनाउन तालिम प्रदान गर्नुपर्ने ।
- व्यापक आवश्यक्ता पहिचान मूल्याङ्कन मार्फत पहिचान गरिएका व्यक्तिहरूलाई निश्चित बजार योग्य व्यवसाय जस्तै बुटिक, सिलाई कटाई, ब्यूटी पार्लर, विजुलिको तार मर्मत आदि सञ्चालन गर्नको लागि सीपमा आधारित तालिम प्रदान गर्नु पर्ने ।
- सहकारी र सहकारीका सदस्यहरू बीच र अन्य आमा समूहहरू, बाल क्लबहरू, युवा क्लबहरू, र सहकारी र साना किसानहरू बीच सिकाई आदानप्रदान कार्यक्रम संचालन गर्नुपर्ने ।
- आय आर्जन गर्ने गतिविधिहरू जस्तै बचत ऋण परिचालन र कृषि सम्बन्धी तालिमहरू संचालन गर्नुपर्ने ।
- साना किसानहरूकालागि कृषि उत्पादनहरू वृद्धि गर्न, बीउ वितरणको व्यवस्था गर्न, बजार पहिचान गर्न र प्रयोग नगरिएका उत्पादनहरू बजारमा बेच्न मद्दत गर्नु पर्ने ।

- वालिकाहरू, सानै उमेरमा विवाहित महिलाहरू, र अपाङ्गता भएका व्यक्तिहरूको गुण र क्षमताहरूमा आधारित उद्यमशीलता विकास मार्फत रोजगारीका अवसर सिर्जना गर्नुपर्ने ।
- कैलारी गाउँपालिकामा थारु साँस्कृतिक पर्यटन केन्द्र गाउँको रुपमा प्रवर्द्धन गर्ने । यसले समुदायहरूमा दिगो आय सिर्जना गर्न सामाजिक उद्यमशीलताको अवधारणालाई पनि प्रवर्द्धन गर्न सकिन्छ ।
- थारु साँस्कृतिक उत्पादनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरणलाई प्रवर्द्धन गर्दै सामाजिक उद्यमशीलताको प्रवर्द्धनमा पनि अग्रसर हुनु पर्ने ।

***अन्य कार्यक्रमहरू***

- नगरपालिकाले लक्षित समूह अनुसार विभिन्न योजना र कार्यक्रमहरू छुट्याउनुपर्छ । जस्तैः शारीरिक अपाङ्गता र मानसिक अपाङ्गता भएका व्यक्तिकालागि छुट्टै कार्यक्रम; दलित महिला र अशिक्षित महिला; वालिकाहरू र सानै उमेरमा विवाहित महिलाहरू र यस्तै यस्तै अन्य समुहहरुकालागि ।
- अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक सहयोगी (सहायक) सामग्रीको निरन्तर वितरण गर्नुपर्ने ।
- सामुदायिक युवाहरूलाई विपद् पूर्वतयारी तालिम, आश्रय गृह सहित खानाको व्यवस्थापन, र अन्य प्रकोप सम्बन्धी सामग्रीको सहयोग गर्नुपर्ने ।
- लागुऔषध दुर्व्यसन, महिला हिंसा विरुद्ध कार्यक्रमहरू आयोजना गर्ने र नकारात्मक असर गर्ने सामाजिक मुल्य मान्यताहरूका कारणले पीडिकहरूलाई सजाय दिन प्रहरी र नगरपालिकाहरूको प्रयासलाई सहयोग हुने किसिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- सामाजिक सञ्जालको सही प्रयोगको विषयमा सरकारहरूलाई नीतिगत सुझाव प्रदान गर्न अनुसन्धान र अध्ययन गर्नुपर्ने ।

# संदर्भ सामग्रीहरु


Acharya, U.P. (n.d.). Status of Women in Nepal: A Critical Analysis of Transformational Trajectories. *Nepalese Journal of Development and Rural Studies*, 17, 110-117. Available at https://doi.org/10.3126/njdrs.v17i0.35030

Asian Development Bank (2016). Gender equality result case study: *Nepal gender equality and development of women project.*

Bhandari, N.R. (2021). Youth, police and civil society organization: Participatory arts based clinics for strengthening security and justice in Nepal. In Mkwananzi, F. & Cin, M.F. (Eds.). *Post Conflict Participatory Arts: Socially Engaged Development*. Routledge. Available at: https://bit.ly/3DllQVL

Bhattarai, R. (2017). *The long road to gender equality in Nepal. Available at* https://blogs.worldbank.org/endpovertyinsouthasia/long-road gender-equality epal

Borrel, J. (2022). *World NGO day: Statement by the High Representative/Vice President.* Available at https://www.eeas.europa.eu/eeas/world-ngo day-statement-high representativevice-president-josep-borrell-2_en

Carothers, T., & Barndt, W. (1999). Civil Society. *Foreign Policy*, *117*, 18–29. https://doi.org/10.2307/1149558

Dahal, K. (2061). A matter to shedding light to the huts. In Gautam, T (3ds). *Non-Government Organization: Challenges and opportunities*. Sahakarya: Lalitpur, Nepal

Dahal, P., Joshi, S.K., and Swahnberg, K. (2022) 'A qualitative study on gender inequality and gender-based violence in Nepal' *BMC public health*, Vol. 22, No. 2005, Year 2022 (https://bmcpublichealth.biomedcentral.com/articles/10.1186/s1289-022 14389-x).

Dahal, T., Topping, K., Levy, S. (2021). Patriarchy, gender norms and female student dropout from high schools in Nepal. Compare: *A Journal of Comparative and International Education* DOI: 10.1080/03057925.2021.1987191.

Dhungana, R. K. (2014). Nepali Hindu women's thorny path to liberation. *Journal of Education and Research, Vol. 4, No.1, pp. 39-57. Available at:* (https://kusoed.edu.np/journal/index.php/je/article/view/104/53)

Dhungel, S. (2011). *Provincial Comparison of Development Status in Nepal: An Analysis of Human Development.*

Government of Nepal. (2021). National Population and Housing Census 2021. Kathmandu: National Statistical Office

Government of Nepal. (2015). The constitution of Nepal, 2072 (2-15). Kathmandu

Gupta, M. (2021). Role of NGOs in women empowerment: case studies from Uttarakhand, India. *Journal of Enterprising Communities: People and Places in the Global Economy*, Vol. 15 No. 1, pp. 26 41. Available at: https://doi.org/10.1108/JEC 042020-0066

Karki, A. (2061). Non-government organizations in Nepal: Structure and Networking. in Gautam, T. (eds). *Non-Government Organization: Challenges and opportunities*. Sahakarya: Lalitpur, Nepal

National Federation of the Disabled. (2023). Disability Data from Nepal Census 2022. Kathmandu: NFDN. Available at: https://nfdn.org.np/news/disability-data/

Neupane, S. (2022). *Women Struggles and Political Participation in Nepal*. Available at https://capiremov.org/en/analysis/women-struggles-and political-participation-in-nepal/

Pollard, A. & Court, J. (2005). *How Civil Society Organisations Use Evidence to Influence Policy Processes: A literature review*. ODI: London. Available at: https://www.files.ethz.ch/isn/22707/wp249.pdf

Scholte, J. A. (2002). Civil Society and Democracy in Global Governance. *Global Governance*, *8*(3), 281–304. http://www.jstor.org/stable/27800346

Search for Common Ground (2017). *Status of women in far-west Nepal*. Available at https://www.sfcg.org/wp-content/uploads/2017/02/2 Pager-1-NAP-Localization.pdf

Talcott, F., Khanal, A., & Bhattarai, P. (2019). Civil Society in a Federal Nepal: A Landscape Study. British Council: Kathmandu

United Nations, Nepal. (2021). Factsheet on Women Nepal, Province 7 - Sudurpaschim. Available at: https://un.org.np/sites/default/files/ doc_publication /2021-03/RevisedWomenFactsheet-2021 Province7-final%20revised_0.pdf

United Nations, Nepal. (2020). Profile Sudurpachim province. Kathmandu: UN Nepal. Available at: https://un.org.np/sites/default/files/doc_publication/2020-07/Province%207.pdf

Willetts, P. (n.d). *What is a Non-Governmental Organization*? City University: London

World Bank (2007). *Consultations with Civil Society: A source book for working document.* World Bank. Available at: https://bitly.ws/TZJE

## जानकी महिला जागरण समाजको बारेमा

जानकी महिला जागरण समाज (JWAS) धनुषा, नेपालमा विक्रम संबत २०५० अर्थात ईस्वी सन् १९९३ मा स्थापना भएको एक गैर-सरकारी र गैर-नाफामूलक सामाजिक संस्था हो । JWAS महिला सामाजिक कार्यकर्ताहरूको समूहद्वारा स्थापना भई संचालित हुँदै आएको छ । सीमान्तकृत जनता, महिला, दलित, युवा, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र नेपालमा प्रकोप र द्वन्दबाट प्रभावित व्यक्तिहरूको जीवनस्तर सुधार र सशक्तीकरणकालागि यस संस्थाले काम गर्दै आएको छ। JWAS को दृष्टिकोण भनेको समृद्ध समाजको निर्माण गर्नु हो जहाँ महिलाहरूले सम्मानजनक जीवन बिताउन सकुन । JWAS को लक्ष्य महिला, वालिका र सीमान्तकृत समुदायहरूको आर्थिक, सामाजिक, राजनीतिक, स्वास्थ्य र वातावरणीय सुधार र प्रवर्द्धन गर्ने रहेको छ। थप जानकारीका लागिः https://jwas.org.np/

जानकी महिला जागरण समाज (JWAS)
जनकपुरधाम,
मधेस प्रदेश,
नेपाल

## नेपाली अनुवाद

यो प्रतिवेदन सर्वप्रथम अंग्रेंजी भाषामा तयार गरिएको हो। र यो नपाली अनुवाद हो। यस नेपाली प्रतिवेदनको कुनै अंशमा वा कुनै अंशको भावमा केही फरक वा द्धिविधा पर्न गएमा अंग्रेजी प्रतिवेदनको अंश वा भाव मान्य हुनेछ।